# आशूरा इस्लाम र अनभिज्ञहरूको दृष्टिमा

## عاشوراء بين هدي الإسلام وهدي الجهلاء

< नेपाली >

लेखकः

अब्दुल अजीज बिन मरजूक अत्तरीफी

عبد العزيز بن مرزوق الطريفي

अनुवादकः

अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की

عتيق الرحمن محمد إدريس خان مكي

بسم الله الرحمن الرحيم

**सर्वाधिकार अनुवादकमा सुरक्षित छ ।**

प्रथम प्रकाशन साल    सन् २०१५ ई. सं.
निःशुल्क वितरणको लागि मात्र

**पुस्तक पाइने ठेगाना -:**

इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७९८१९४३७७५८
सउदी नं. ००९६६५०१३७२२५४
इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# प्रस्तावना

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले यस संसारलाई उत्पन्न गऱ्यो, र यसमा बसोबास गर्नुको लागि नानाथरीका प्राणीहरूलाई अविष्कृत गऱ्यो, र जसले हाम्रो हृदयलाई आफ्नो सत्मार्गतर्फ लगाइदियो, र आफ्नो श्रद्धा एवं प्रेम र आदरबाट परिपूर्ण गरिदयो । र म गवाही दिन्छु कि त्यस अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ, त्यसको कोही सहभागी छैन । र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देष्टा र मित्र हुन् । तसर्थ अल्लाहको नगन्य शान्ति र दया अवतरित होस् मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि, र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती सबैहरूमाथि जुन प्रलयसम्म उहाँको पद्धतिमा हिंड्ने छन् ।

प्रस्तुत पुस्तिकामा लेखक ज्यूले आशूराको बारेमा र त्यससित संलग्न कुराहरूबारे स्पष्टिकरण गरेका छन् र आशूराको बारेमा इस्लामको तरिका र दृष्टिकोण एवं अनभिज्ञ मानिसहरूको दृष्टिलाई पनि प्रमाणसहीत राखेको छन्, र यसलाई मैले यस उद्देश्यले अनुवाद गरेको छु ताकि आशूराबारे दिग्भ्रान्त दृष्टिहरू स्पष्ट भइहालुन् र त्यसबाट हाम्रो मुस्लिम समाज पवित्र भइहालोस् ।

मलाई आशा छ कि मेरो यो सानो लेखबाट जनसमुदायलाई लाभ पुग्नेछ र अल्लाह मेरो यस सानो प्रयासद्वारा हाम्रो समाजलाई अवैधानिक कार्यबाट पवित्र गर्नेछ। अल्लाहसित विन्ती छ कि अल्लाह मेरो यस प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन्, र मेरो स्वर्गीय आमा र बाजेलाई क्षमादान दिई स्वर्गमा उच्च स्थान प्रदान गरुन् । (आमीन)

**अनुवादक**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**

**तौलिहवा कपिलवस्तु (नेपाल)**

email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१९४३७७५८**

**सउदी मो. न. ००९६६५०१३७२२५४**

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् र अल्लाहको प्रशान्ति अवतरित होस् त्यसको सेवक र सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि ।

आशूरा (दश मुहर्रमको दिन) इस्लाममा अति सम्मानित दिन हो, जस दिन रसूल सल्लल्लाहो अलैहे वसल्लम व्रत बस्नुहुन्थ्यो प्रवास गर्नुभन्दा अघि पनि र पछि पनि, र यस व्रतलाई अल्लाहको कृतज्ञता प्रकट गर्ने उद्देश्यले बस्नुहुन्थ्यो किनकि यसै दिन अल्लाहले हजरत मूसा अलैहिस्सलामलाई फिरऔनबाट मुक्ति प्रदान गरेको थियो । यसर्थ यो घटना नै यस दिनको मूल श्रेष्ठता र सम्मानको कारण हो अरु दिनहरूको तुलनामा ।

र यस दिन अनभिज्ञकालमा पनि रसूल सल्लल्लाहो अलैहे वसल्लम र मक्काबासी कुरैशीका मानिसहरू र मदीनाका उहूदीहरू व्रत बस्थे, जस्तोकि बुखारी मुस्लिममा इब्ने अब्बासको माध्यमले वर्णित छ कि: "रसूल सल्लल्लाहो अलैहे वसल्लम जब मदीना प्रस्थान गरे त हेरे कि आशूराको दिन यहूदीहरू व्रत बसेका थिए, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले उनीहरूसित सोधे यो कस्तो दिन हो जसमा तिमीहरू व्रत बसेका छौ ? त उनीहरूले भने: यो अति सम्मानित र महत्वपूर्ण दिन हो, यसै दिन अल्लाहले हजरत मूसा र उनको समुदायलाई मुक्ति प्रदान गरेको थियो, र फिरऔन र त्यसको समुदायलाई समुन्द्रमा डुबाएको थियो । अनि हजरत मूसाले अल्लाहको यसै अनुकम्पाको कृतज्ञता प्रकट गर्ने उद्देश्यले व्रत बसेका थिए, यसर्थ हामी पनि व्रत बस्दछौं । त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: यसो भए हामी मूसाको तिमीभन्दा अधिक अधिकारी छौं, अनि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले त्यस दिन व्रत बस्नु भयो र व्रत बस्ने आदेश गर्नु भयो" ।

र यस व्रतलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले अनिवार्य गर्नु भएको थियो यहाँसम्म कि रमजानको व्रत अनिवार्य गरियो, अनि रमजानको व्रतद्वारा यसको अनिवार्यतालाई स्थगित गरियो । तर यस व्रतका श्रेष्ठताहरू अरु व्रतहरूमाथि अत्याधिक छन् जसमध्ये केही निम्न हुन्:

- सन्देष्टाहरूले यस व्रतलाई निरंतरताले बस्दै आएका छन्, र मुस्नदमा यो पनि वर्णित छ कि मूसा अलैहिस्सलाम भन्दा पहिला पनि यस व्रतलाई बसिन्थ्यो, तर यो कुरो सही छैन ।

र यो ज्ञात नै छ कि ईसा अलैहिस्सलाम बनी इस्राईलतर्फ पठाइएका सन्देष्टा थिए, त यहूदीहरू मध्ये अर्थात मूसा अलैहिस्सलामको कौममध्ये जसले पनि उहाँमाथि ईमान ल्याएन त्यो नास्तिक र अनास्थावान नै रह्यो, यसर्थ अब्दुल्लाह बिन सलाम रजिअल्लाहो अन्हो नबी सल्लल्लाहो अलैहे वसल्लमको आगमनभन्दा अघि नास्तिक नै थिए, किनकि उनी ईसाईधर्म र ईसाका अनुशरणकारी थिएनन् । र सहीह मुस्लिममा इब्ने अब्बासको माध्यमले वर्णित छ कि: "जब रसूल सल्लल्लाहो अलैहे वसल्लम आशूराको दिनको व्रत बसे र व्रत बस्ने आदेश गरे त मानिसहरूले भने हे अल्लाहका रसूल ! यो यस्तो दिन हो जसलाई यहूदी र ईसाईहरू अति सम्मानित र मर्यादित मान्दछन्, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: आउनेवाला वर्ष यदि अल्लाहले चाह्यो भने हामी ९ मुहर्रमको दिन पनि व्रत बस्नेछौं, त इब्ने अब्बास रजिअल्लाहो अन्हो भन्छन् कि आउनेवाला सालभन्दा अघि नै उहाँ सल्लल्लाहो अलैहे वसल्लमको स्वर्गबास भयो" ।

- आशूराको व्रत रमजानको व्रत अनिवार्य हुनुभन्दा अघि अनिवार्य थियो, र यस बाहेक कुनै आर्को व्रत अनिवार्य थिएन । अनि जब रमजानको व्रत अनिवार्य गरियो त रसूल सल्लल्लाहो अलैहे वसल्लमले यस व्रतलाई त्यागे तर यसलाई बस्ने आफ्नो साथीहरूलाई ताकेदा गरे, जस्तोकि बुखारी र मुस्लिमको हदीसमा छ इब्ने उमर रजिअल्लाहो अन्होको वर्णन छ कि: " नबी सल्लल्लाहो अलैहे वसल्लमले आशूराको व्रत बस्नु भयो र त्यसलाई बस्ने आदेश पनि दिनु भयो, अनि जब रमजानको व्रत अनिवार्य गरियो त यसलाई त्याग्नु भयो" । त यो हदीस यस कुरामाथि प्रमाणीकरण गर्छ कि यसको अनिवार्यता त स्थगित भयो तर सुन्नत बाँकी नै छ ।

- नबी सल्लल्लाहो अलैहे वसल्लमले आशूराको व्रत बसेका मानिसहरूको लागि केही खाद्यपदार्थ एवं अन्नहरू पठाएका थिए, र यस्तो कुनै अनिवार्य व्रत अथवा नफिली व्रत बस्नेहरूको लागि पठाएका थिएनन् बरु मात्र रमजान महिनाको र आशूराको व्रत बस्नेहरूको लागि मात्र पठाएका थिए । जस्तोकि

बुखारी मुस्लिममा रबीअ् बिन्ते मुअव्विजको माध्यमले वर्णित छ किः “रसूल सल्लल्लाहो अलैहे वसल्लमले आशूराको व्रत बसेका मदिनाका वरिपरि बसोबास गर्दै आएका मानिसहरूको लागि भोजन पठाउनु भयो, र भन्नु भयोः जसले व्रत बसेको छ त्यो आफ्नो व्रत पूर्ण गरोस्, र जसले व्रत बसेको छैन त्यो त्यस्तै अवस्थामा आफ्नो दिनलाई समाप्त गरोस् । र रबीअ् बिन्ते मुअव्विज भन्छिन् कि त्यस समयदेखि हामी आफू पनि आशूराको व्रत बस्थें र आफ्ना ससाना बच्चाहरूलाई पनि व्रत बसाल्दथें, र बच्चाहरू लिएर मस्जिदतर्फ जान्थें, र उनीहरूको लागि खेल्ने खेलौनाहरू पनि लिएर जान्थें, अनि जब कुनै बालक भोकले रुन थाल्थ्यो त त्यसलाई खेलौना दिइहाल्थें यहाँसम्म कि इफ्तारीको समय आइहाल्थ्यो” । र आर्को हदीसमा छः “जब बच्चाहरू हामीसित खाना माँग्दथे त उनीलाई खेलौना दिन्थें ताकि खेलमा व्यस्त भएर आफ्नो व्रतलाई पूर्ण गरुन्” ।

 यसको श्रेष्ठता मध्ये यो पनि हो कि यो व्रत एक वर्षको पापलाई नष्ट पारिदिन्छ, जस्तोकि सहीह मुस्लिममा हजरत कतादाको माध्यमले वर्णित छ किः “एउटा मान्छेले रसूल सल्लल्लाहो अलैहे वसल्लमसित आशूराको व्रतको बारेमा प्रश्न गर्‍यो, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः यसद्वारा विगतको एक वर्षको पापहरूलाई क्षमा गरिन्छ” । त यस श्रेष्ठतामा अरफातको दिन बसिएको नफिली व्रत बाहेक अरु कुनै नफिली व्रत आउँदैन, र अरफातको व्रत एक वर्ष अघिल्लो र एक वर्ष पछिल्लोका पापहरूलाई नष्ट पार्दछ । त जसले आशूरा र अरफातको दिनको व्रत बस्यो त्यसले पछिल्लो वर्षको पापलाई नष्ट गर्ने माध्यमलाई अपनायो, र यो कुरो त्यसको हकमा अरु सुदृढ र परिपूर्ण भयो त्यस पुण्यको साथै जुन त्यसलाई अल्लाहको गुणगान र आराधना गर्नुबाट प्राप्त हुन्छ र निष्ठापूर्ण तौबाबाट (प्रयाश्चितबाट) जुन पुण्य र यसद्वारा पाइने जुन प्रतिफल एवं राम्रो ठेगानाको भक्त आशानिवत हुन्छ त्यसको वर्णन रसूल सल्लल्लाहो अलैहे वसल्लमले गरेका छैनन् बरु मात्र पापलाई नष्ट गर्ने कुरालाई वर्णन गरेका छन् जसको कारण यो हो कि पाप नै विपत्ति अवतरित हुने कारण हो, र पापबाट मुक्ति नै भलाई र समृद्धि ल्याउँछ । र एउटा हदीसमा छ किः “कुनै पनि विपत्ति यदि आउँछ भने पापको कारण नै आउँछ” । यसर्थ जब पाप नष्ट भइहाल्छ त भक्तमाथिबाट त्यससित संलग्न समस्त दुखदायी कुराहरू र अभिशापहरू लुप्त भइहाल्छन् । र जब समस्त पाप नष्ट भइहाल्छन् त त्यसको स्थानमा भलाई र कल्याण आउँछ । त यसै कारण रसूल सल्लल्लाहो अलैहे वसल्लमले इस्लामका समस्त निर्देशनहरूमा त्यसको माध्यमलाई त्यसको प्रभावभन्दा अधिक वर्णन गरेका छन् ।

 नबी सल्लल्लाहो अलैहे वसल्लमको यस व्रतलाई अरुभन्दा अधिक महत्व दिनु, बरु रसूल सल्लाहो अलैहे वसल्लमले यसको तुलना रमजानको व्रतसित गरेका छन्, जस्तोकि बुखारी र मुस्लिममा इब्ने अब्बासको माध्यमले वर्णित छ किः “मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई आशूराको व्रत र यस महिना अर्थात रमजानको व्रतभन्दा अधिक श्रेष्ठता वर्णनगर्दा कुनै अरु व्रतबारे हेरेको छैन” ।

 सहाबाहरूको यस व्रतलाई निरन्तरताले बस्नु र यसलाई बस्ने आदेश गर्नु, र यसलाई छुट्ने भय मान्नु, जस्तोकि इब्ने जरीर अत्तबरीले तहजीबमा अस्वदको माध्यमले वर्णन गरेका छन् किः “मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमका जति पनि सहाबीहरूलाई पाएँ ती मध्ये सबैभन्दा अधिक हजरत अली र मूसा अल्अश्अरी नै आशूराको व्रतको बारेमा आदेश गर्नेवाला थिए” ।

र वर्णन गरिन्छ किः अब्दुर्रहमान बिन औफ रजिअल्लाहो अन्हो आशूराको दिन चाश्तको समय (दिनको एक पहर) सम्म पूर्ण गरे, र उहाँलाई यो थाहै थिएन कि आज आशूराको दिन हो, अनि जब उनलाई यसको ज्ञान भयो त उहाँ भयभीत भए, र उहाँले त्यस दिनको व्रत बसे र हामीलाई पनि व्रत बस्ने आदेश गरे । र यो असर (हदीस) सही छ ।

र वैधानिक यो छ कि आशूराको दिनको साथै त्यसभन्दा अघिको दिनको पनि व्रत बसियोस् ताकि यहूदी र ईसाईहरूको विरोध गरियोस्, किनकि उनीहरू मात्र एक दिन नै व्रत बस्दछन् । र रसूल सल्लल्लाहो अलैहे वसल्लम पनि पहिला यसलाई एक दिन नै बस्थे, अनि पछि आएर यहूदी र ईसाईहरूको विरोध गर्ने उद्देश्यले दुई दिन व्रत बस्नुलाई वैधानिक गरे, जस्तोकि मुस्लिमको हदीसमा छ हकम इब्नुल् अअ्रजको वर्णन छ किः “म इब्ने अब्बासको समक्ष यस अवस्थामा पुगें कि उहाँ आफ्नो च्यादरलाई जमजमको पानीले भिजाएर लगाएका थिए, अनि मैले सोधें मलाई आशूराको व्रतको बारेमा

केही बताउनुस् ? त उहाँले भनेः जब तिमीले मुहर्रम महिनाको चन्द्र हेरिहाल त त्यसका दिनहरूको गणना गर, र त्यसको नव्वौं दिन व्रत बस । त मैले भनें: के नबी सल्लल्लाहो अलैहे वसल्लम यसरी नै गर्थे ? त उहाँ रजिअल्लाहो अन्होले भन्नु भयोः हो यस्तै गर्थे" । (मुस्लिम)

त यो हदीस यस कुरालाई प्रष्ट पार्छ कि मुहर्रमको नव्वौं दिन र दशौं दिनको व्रत बस्नु वैधानिक छ, र यो कुरो इब्ने अब्बास र इब्ने सीरीनबाट प्रमाणित छ, किनकि इब्ने सीरीन दशौं मुहर्रमको व्रत बस्दै गर्थे, अनि जब उहाँलाई यो ज्ञान भयो कि इब्ने अब्बास नव्वौं तारिखको दिन पनि व्रत बस्थे त उहाँ पनि नव्वौं तारिखको व्रत बस्नथाले ।

र आशूरालाई आशूरा यस कारण भनिन्छ किनकि यो मुहर्रमको दशौं दिन हो, र मुहर्रमको नव्वौं दिनलाई तासूआ भनिन्छ । र इब्ने अब्बास रजिअल्लाहो अन्होले मुहर्रमको नव्वौं दिनको व्रत बस्ने आदेश गरेका छन् ।

र अब्दुर्रज्जाकले आफ्नो मुसन्नफमा र बैहकीले र अरु विधिशास्त्रीहरूले इब्ने जुरैजको माध्यमले वर्णन गरेका छन् कि इब्ने जुरैज भन्छन् कि मलाई अताअ्ले खबर दिनु भयो कि उनले इब्ने अब्बसलाई आशूराको दिन यो भन्दै सुने किः "यहूदीहरूको विरोध गर र नव्वौं र दशौं दिनको व्रत बस" ।

र रह्यो तीन दिनको व्रत बस्नुको कुरो अर्थात आशूराको दिन र त्यसभन्दा एक दिन अघि र एक दिन पछिको व्रत बस्नुको त यसको कुनै ठोस् प्रमाण छैन । र आर्को कुरो के छ भने रसूल सल्लल्लाहो अलैहे वसल्लमले उनीहरूको विरोध गर्न खोजेका थिए, र विरोध गर्नु नव्वौं दिनको व्रत बसेर पनि पूर्ण भइहाल्छ, र सहाबाहरूमध्ये कसैबाट यो प्रमाणित छैन कि उनीमध्ये कसैले ग्याह्रौं दिन पनि व्रत बसेका होउन् । बरु यस्तो गर्नु केही सदाचारीहरूबाट प्रमाणित छ, जसरी ताऊस र किसान ...आदिबाट । र इब्ने अबी शैबामा यो कुरो प्रमाणित छ कि उनी आशूराभन्दा अघि र पछि यस भयलेगर्दा व्रत बस्थे कि कदाचित आशूराको व्रत नछुटोस् ।

र यदि मान्छे मात्र आशूराको दिन व्रत बसोस् नत त्यसभन्दा अघि व्रत बसोस् नत त्यसभन्दा पछि, तै पनि कुनै आपत्ति छैन, तर यदि मान्छेसित क्षमता छ भने दुई व्रत बस्नु उत्तम छ । तसर्थ यदि कोही मात्र एक दिन व्रत बस्छ भने सुन्नतलाई पाइहाल्छ, र त्यसलाई एक वर्षको पापको क्षमादान पनि मिल्छ, तर विरोध गर्नुको पुण्यबाट वंचित नै रहन्छ । र केही सदाचारी पूर्वजहरूबाट यो पनि वर्णित छ कि उनीहरू विशेष रूपले आशूराको दिनको व्रत नै बस्थे, जस्तोकि अब्दुर्रज्जाकले आफ्नो मुसन्नफमा वर्णन गरेका छन् अबू बक्र बिन अब्दुर्रहमान बिन हारिसको माध्यमले किः " हजरत उमर रजिअल्लाहो अन्होले आशूराको रात्री हजरत अब्दुर्रहमान बिन हारिसलाई यो आदेश गरे कि सहरी खाएर व्रत बस्नु, अनि हजरत अब्दुर्रहमानले व्रत बसे " ।

## यस दिन गरिने केही अवैधानिक कार्यहरू

यस दिन शीअःहरू झैं मातम गर्नु विलाप गर्नु, र शोक मनाउनु...र यस्ताखालका समस्त कार्यहरू ठूलो अवैधानिक कार्यहरू मध्येका हुन्, र इस्लाममा अनभिज्ञतापूर्ण कार्यहरू अन्तर्गत आउँछन्, र यस्ताखालका कुराहरू मनीष विरुद्ध पनि छन्, र यसको विभिन्न कारणहरू छन् जसमध्ये केही निम्नमा वर्णन गरिन्छ :

□ पहिलो: यो कि यो कार्य रसूल सल्लल्लाहो अलैहे वसल्लमको पद्धति विरुद्ध छ किनकि नबी सल्लल्लाहो अलैहे वसल्लम यस दिनको आगमनमा प्रसन्न हुन्थे, र व्रत बसेर यसको सुअवसर प्रदान गरेमा अल्लाहको कृतज्ञता प्रकट गर्थे । यसर्थ यस पद्धति विरुद्ध यसको स्वागत विलाप, व्याकुलता, क्रोध र लानतान एवं रगत बगाएर गर्नु अल्लाहले प्रदान गरेको अनुकम्पाको इन्कार गर्नु हो, र धर्ममा नौलो कुरो (बिदअत) लाई अविष्कृत गर्नु हो, र आफ्नो मनीषलाई शैतान र इब्लीसको अधीन गर्नु हो, र अनभिज्ञताको क्रियाकलाप गर्नु हो ।

र यस दिन जुन अवैध क्रियाकलापहरू गरिन्छ त्यसलाई प्रत्येक दिन र प्रत्येक विपत्तिको समय गर्नु हराम र अवैधानिक छ । त जब कुरो यस्तो छ त पूजाको अवस्थामा र यस्तो ठूलो अनुकम्पा प्रदान गरिएकोमा यस्तो गर्नुको हुकुम केकस्तो हुन्छ ! ? आफै विचार गर्नुस् ! जबकि समस्त धर्मावलम्बीहरूको यसमाथि एकमत छ अर्थात किताबवालाहरू (ईसाई, यहूदीहरू) को एकमत छ । र यो कुरो पनि छ कि

इस्लाममा मूल कुरो हो प्रत्यक्ष प्रमाणमा निर्भर हुनु, र यस्तो हुँदा हुँदै पनि आशूरालाई यस विधिबाट अलग गरिएको छ त्यसको आदरणीय र सम्मानित हुने कारणले र त्यसको ठूलो अनुकम्पा हुने कारणले । यसर्थ यसै कारण निरन्तरताले यस अनुकम्पाको कृतज्ञता समस्त सन्देष्टाहरूले र तिनका अनुयायीहरूले ज्ञापन गर्दै आएका छन् । र यसमा विशाल तत्वदर्शिता नीहित हुने कारण नै रसूल सल्लल्लाहो अलैहे वसल्लमको अनुशरणको साथै हजरत मूसा अलैहिस्सलामको अनुपालन पनि गराइयो, जबकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले यो खबर दिएका छन् कि: "यदि हजरत मूसा पनि जीवित हुन्थे भने उनलाई पनि मेरो अनुशरण गर्नु बाहेक कुनै विकल्प हुँदैन्थ्यो" । र जब ईसा अलैहिस्सलाम अन्तिम युगमा आउँछन् तै पनि उनलाई मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमले ल्याएको विधान बाहेक अरु कुनै विधानलाई कार्यन्वयनमा ल्याउनु उपयुक्त र जायज हुँदैन । यसलेगर्दा राफेजा अर्थात शीअःहरूका क्रियाकलापहरू हजरत मूसा र ईसा एवं मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको पद्धति विरुद्ध छन् । र यो शुद्ध मनीष विरुद्ध पनि छ, र जुन मान्छे पनि यसमा विचार गर्छ त्यसको लागि सत्य स्पष्ट भइहाल्छ र यो निम्नका कारणहरूले गर्दा :

□ पहिलो: जबदेखि आदमलाई धरतीमा पठाइयो तबदेखि नै कुनै पनि समूहमा यो देखिएन कि त्यसले आफू मध्येको कुनै नायक वा ठूलो बडो चाहे त्यसको पद र सम्मान जति धेरै पनि किन नरहेको होस् त्यसको मातम (शोक) गरेर र त्यसको मृत्युको दिन विलाप गरेर आफूलाई घाइते गरेर पूजा गरेको होस् जस्तोकि शीअःहरू वर्तमानमा गर्दछन् । र कुरो त यस्तो हुनुपर्थ्यो कि जुन व्यक्तित्वहरू हजरत हुसैनभन्दा आदरणीय र महान छन् तिनको लागि यस्तो गर्नु पर्ने थियो जसरी सन्देष्टाहरू जिनमध्ये कतिपयलाई मारियो हत्या गरियो जसरी यह्या अलैहिस्सलाम, र कतिपयलाई उनको समुदायले सूलीमा झुण्डियाएको दावी गरे जसरी हजरत ईसा मसीहलाई, र यस्तै राजा सम्राट र नायकहरू चहे उनीहरू सत्यपथमा रहेका होउन् वा असत्यमा त यिनीहरूको मृत्युमा विगतका समस्त युगहरूमा यस्ता खालका क्रियाकलाप गरिएन, तर वास्तवमा चाहिए थियो कि विगतका समूहहरू शीअःहरू झैं गर्थे र त्यो कार्य नस्ल दर नस्ल अर्थात वंशावली तरिकाले वर्णन गरिन्थ्यो, र उनीहरूको यो कार्य अरु आउनेहरूको लागि पद्धति हुन्थ्यो, चाहे यसलाई गर्नेहरू अलि थोरै संख्यामा किन नहुन्थे । तर यस्तो इतिहासमा कतै भेटिन्न, तसर्थ यसको अवस्था के हुन्छ जबकि नत यसलाई कसैले गरेको छ नत यसलाई इस्लामले वैधानिक नै गरेको छ बरु यसखालका समस्त कार्यहरूलाई गर्नुबाट मनाही गरेको छ ।

□ दोस्रो: अल्लाह बाहेकका पूज्यहरूको पूजा गर्नु र उनीहरूसित संलग्न रहनु, र उनीसित नै जीवन र मृत्युलाई संलग्न गर्नु, जस्तोकि हजरत इब्राहीम र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको समुदायका मानिसहरू गर्थे । तर दुवै अल्लाहका मित्रहरूले उनीहरूका पूज्यहरूलाई टुक्रा टुक्रा पारिदिए, र त्यो कुकर्म गरेनन् जुन उनीहरूका समुदायका मानिसहरू गर्थे । र अल्लाहको फर्मान छ :

﴿ وَمِنَ ٱلنَّاسِ مَن يَتَّخِذُ مِن دُونِ ٱللَّهِ أَندَادٗا يُحِبُّونَهُمۡ كَحُبِّ ٱللَّهِۖ ﴾ البقرة: ١٦٥

अर्थ : केही मानिसहरू यस्ता पनि छन्, जसले अल्लाहक बाहेक अरुलाई पूज्य बनाएर तिनलाई अल्लाह जस्तै मायाँ गर्दछन् । ( सूरतुल् बकर: ६५ )

त जब हामी बहुदेववादीहरूको बारेमा अल्लाहले वर्णन गरेको कुरालाई अकाट्य सत्य मान्दछौं जसमा अल्लाहले उनीहरूको अवस्थाको बारेमा यो खबर दिएको छ कि उनीहरूका पूज्यहरूप्रति उनीहरूको प्रेम अल्लाहको प्रेमभन्दा अधिक थियो, त यो यस्तो अदृश्यको कुरो हो जसलाई मात्र वह्य ( प्रकाशना) मार्फत नै जानिन्छ त यसमा सत्य असत्यको सम्भावना हुनुको दावीको पनि कुरो र सम्भावना छैन । यसर्थ शीअःहरू जुन गर्छन् त्यसलाई कसैले पनि गरेको छैन, र यस्तो क्रियाकलाप गर्ने मान्छे कदाचित आफ्नो यस कार्यलाई गर्नुमा निष्ठावान हुन्छ र यो गुमान गर्छ कि यसलाई त्यो प्रेमको कारण नै गरिरहेको छ, तर मनीष यसलाई अस्वीकृत गरिदिन्छ । वा मान्छेको यो कार्य वास्तवमा प्रेममाथि आधारित हुँदैन, बरु त्यो प्रेम गर्ने पाखण्ड र दावी मात्र गर्छ, वा त्यसको यो प्रेम बहुदेववादीहरूको प्रेमभन्दा अधिक हुन्छ जसलाई अल्लाहले वर्णन गरेको छ । त यदि यस्तो छ भने यो साक्षात नास्तिकता र कुफ्र हो ।

 तेस्रो: इस्लाममा अली रजिअल्लाहो अन्होको दर्जा विशाल छ, र उहाँको दर्जा पछि आएका समस्त शीआहरूको दृष्टिमा सहाबाहरूबीच सर्वोत्कृष्ट छ जुन सहाबाहरू मध्ये हसन र हुसैन पनि हुन्, र हजरत अली रजिअल्लाहो अन्होलाई अब्दुर्रहमान बिन मुल्जिमले अकारण र अन्यायुक्त तरिकाले ४० हिज्रीमा हत्या गऱ्यो, र यस कुरामा इस्लामका समस्त अनुयायीहरूको एकमत पनि छ । तर उहाँ रजिअल्लाहो अन्होको हत्यामाथि समस्त सहाबाहरू जसमा हसन र हुसैन पनि शम्मिलित छन् ती कार्यहरू गरेनन् जुन हुसैनको हत्यामा गरिन्छ । र हजरत अली रजिअल्लाहो अन्होको हत्या पश्चात उहाँको छोरा हजरत हुसैन लगभग २१ वर्षसम्म जीवित रहे, र उहाँलाई आफ्नो बुवाको हत्याबारे सबैभन्दा अधिक ज्ञान पनि थियो, र यदि उहाँलाई आफ्नो बुवाको हत्यामा केही गर्नु पर्ने हुन्थ्यो भने सबैभन्दा अधिक हकदार उनी नै थिए, तर उहाँले आफ्नो बुवाको मृत्युमाथि केही पनि गरेनन् । बरु अल् हसन बिन अलीको पनि मृत्यु भयो जुन उनका साक्खै भाइ थिए र उहाँ ४८ हिज्रीमा जीवितै थिए तर शीआहरूले गरिरहेका कार्यहरू मध्ये केही पनि गरेनन्, बरु हुसैनले आफू बाहेक अरुलाई उहाँको जनाजाको नमाज पढाउनुको लागि अगाडि बढाए अर्थात सईद बिन आसलाई अगाडि बढाए, उनको दर्जा र आदरणीय एवं मर्यादित हुने कारणले । जस्तोकि मुसन्नफमा अब्दुर्रज्जाकले वर्णन गरेका छन् कि सुफियानले सलीम बिन अबि हफ्सको माध्यमले वर्णन गर्छन कि अबू हारिसले भने: "जस दिन अल् हसनको मृत्यु भयो त्यस दिन म त्यहाँ उपस्थित थिएँ, अनि मैले हेरें कि हुसैनले सईद बिन आसको गर्दनमा हातले धक्का दिँदै भनिराखेका थिए तपाई जनाजहको नमाज पढाउनको लागि अगाडि जानुस्, र यदि यो सुन्नत नभएको भए म तपाईलाई कदापि अगाडि बढाउने थिएन" । र हसन एवं हुसैन स्वर्गका नवयुवकहरूका नायक पनि हुनेछन् ।

 चौथो: यदि जुन शीअ:हरू हुसैनको मृत्यको दिन गरिराखेका छन् त्यसलाई सत्य र वैधानिक मानियोस् भने यसलाई पनि वैधानिक मान्नु पर्छ कि जति पनि इस्लामीय गुटहरू छन् समस्त गुटहरू अआफ्ना अगुवा र नायक एवं मर्यादित मान्छेहरूको मृत्युमा ती सबै गरुन् जुन शीअ:हरू गरिराखेका छन् । तसर्थ कुरो यस्तो भइहाल्छ कि वर्षको समस्त दिनहरूमा मुसलमानहरू आफूमाथि प्रहार गरी रक्तपात गरिरहन्छन् र आफ्नो गालमा चमाट हानिरहन्छन्, र मृतकमाथि विलाप गर्नु उनको दिनहूँको कार्य भइहाल्छ । र समस्त गुटहरू आर्को गुटलाई यस्तो गर्नुको आमन्त्रण दिन्छ, यसर्थ यस्तो गरेर सत्य बाटोबाट सबैलाई रोकिन्छ र त्यो बाटोबाट पनि जसमा लोक परलोकको सफलता नीहित छ ।

र यी क्रियाकलापको अवस्था झन् गम्भीर भइहाल्छ जब मान्छे यसलाई धर्म र विधान ठान्दछ, र यस प्रकारका समस्त क्रियाकलापहरू जुन कि पाखण्ड र भ्रम मात्र हुन् ती बारे रसूल सल्लल्लाहो अलैहे वसल्लमको यो कथन नै प्रयाप्त छ उहाँ सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ कि: "जसले कुनै यस्तो कार्य गऱ्यो जसको आदेश हामीले गरेका छैनौं त त्यो कार्य अस्वीकृत छ" ।

र यस्तै विद्हरूको वर्णन छ कि यस्ता खालका जति पनि गतिविधिहरू गरिन्छ समस्त असत्यमा निर्भर छन्, जस्तो कि अहमद र उनी जस्ता अरु विद्हरूले पनि यसमाथि टिप्पणी गरेका छन् ।

यस्तै आशूराको दिनलाई स्नान गर्नु, सुगन्ध प्रयोग गर्नु, सुर्मा लगाउनु, मेंहदी .... आदि लगाउनुको लागि विशिष्ट गर्नु पनि सही छैन, र यस्तो गर्नुलाई कसैले पनि राम्रो कार्य भनेका छैनन् ।

अन्त्यमा म अल्लाहसित यो याचना गर्दछु कि अल्लाह हामी सबैलाई यस्ताखालका समस्त गतिविधिहरूबाट सुरक्षित राखेर हाम्रो सुकर्महरूलाई कबूल गरी आफ्नो अर्शमुनि स्थान प्रदान गरुन् । र जेजति हामीले अज्ञानतामा ग्रस्तभएर पापहरू गरेका छौं त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परिणत गरुन्, र यो विन्ती छ कि अल्लाह हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् । र हाम्रा नि:संतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शीतल पारुन् । र हामीलाई पूर्णरूपले धर्म इस्लाममा प्रवेश हुने सुअवसर प्रदान गरुन्, र त्यसको ज्ञान प्रदान गरी त्यसै बमोजिम कार्यरत रहने शक्ति र दक्षता प्रदान गरुन् । र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

**समाप्त**

**अनुवादक**
**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**
**तौलिहवा कपिलवस्तु (नेपाल)**
email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१९४३७७५८**
**सउदी मो. न. ००९६६५०१३७२२५४**

IslamHouse.com